कार्यविधि नं. १५
कार्यपालिकाबाट स्वीकृत मिति:
२०७९/११/१६

## प्यूठान नगरपालिका

# अति न्यून आय भएका कृषकका लागी ४ हप्ते ड्यूल प्रपोज वा लोकल कुखुरा चल्ला वितरण कार्यक्रम कार्यविधी, २०७९

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विजुवार प्यूठान ,
लुम्बिनी प्रदेश

# अति न्यून आय भएका कृषकका लागी ४ हप्ते ड्युल प्रपोज वा लोकल कुखुरा चल्ला वितरण कार्यक्रम कार्यविधी, २०७९

**प्रस्तावना :**

अति न्यून आय भएका लाभग्राही कृषकहरुलाई ग्रामीण कुखुरापालन सम्बन्धि जलवायू तथा पोषणमैत्री प्रबिधीहरुको अवलम्बन मार्फत अण्डा र मासुको उत्पादन र उत्पादकत्व बृद्धि आय आर्जन वढाउने र पोषण सुधारका लागि यो अति न्यून आय भएका कृषकहरुका लागि ड्यूल प्रपोज तथा स्थानीय कुखुरा चल्ला वितरण कार्यक्रम संचालन कार्यविधी, २०७९ तर्जुमा गरि लागू गरिएको छ।

**१ संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधीको नाम अति न्यून आय भएका कृषकहरुका लागि कम्तिमा ४ हप्ते ड्यूल प्रपोज वा स्थानीय कुखुरा वितरण कार्यविधी, २०७९ रहेको छ।

२) यो कार्यविधी प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट स्वीकृत भए पछि लागु हुनेछ।

**२) परिभाषा:**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा**

१) "अति न्यून आय भएका कृषक" भन्नाले प्यूठान नगरपालिका अन्तरगत आर्थिक विकास समितिको निर्णयवाट छनौटमा परेका, वडाका वडा समितिले छनौट गरेका कृषकलाई सम्झनु पर्दछ।

२) "आयोजना" भन्नाले खाद्य तथा पोषण सुधार आयोजनालाई सम्झनु पर्दछ।

३) "जलवायू तथा पोषणमैत्री प्रविधी" भन्नाले आयोजनाले प्रवर्धन गर्ने हरितगृह ग्यासको उत्सर्जन वा जलवायू परिवर्तनको असर न्यूनिकरण वा खाद्य स्वच्छतामा सुधार ल्याउन योगदान पुर्याउने प्रबिधीलाई सम्झनु पर्दछ।

४) "जैविक सुरक्षा" भन्नाले पशुपंक्षि पालन गरेको परिसरमा पशुपंक्षि रोग फैलाउने सुक्ष्म जिवाणु वा विषाणुको प्रवेश तथा फैलावट नियन्त्रण गरि पशुपंक्षिलाई रोग व्याधिवाट वचाउन र स्वच्छ पशुपंक्षिजन्य पदार्थ उत्पादन गर्न अपनाईने विधीलाई सम्झनु पर्दछ।

५) "लाभग्राही" भन्नाले आयोजनावाट प्रत्यक्ष सेवा प्राप्त गर्ने कृषक वा कृषक समूहका सदस्यहरुलाई सम्झनु पर्दछ।



नगर प्रमुख

CamScanner

६) "कार्यक्रम" भन्नाले यस कार्यविधी अनुरुप संचालन गरिने अति न्यून आय भएका कृषकहरुका लागि कम्तिमा ४ हप्ते ड्यूल प्रपोज वा स्थानीय कुखुरा चल्ला वितरण कार्यविधी, २०७९ लाई सम्झनु पर्दछ।

७) "सेवा प्रदायक" भन्नाले प्राविधिक सहायता अन्तर्गत सेवा प्रदायक संस्थावाट नगरपालिकामा खटिएका पशु सेवा शाखा प्रमुख लगायत प्राविधिक कर्मचारिहरुलाई सम्झनु पर्दछ।

८) "दाना तथा उपकरण" भन्नाले चल्लालाई दिईने २ नम्बरको चल्लाको दानालाई सम्झनु पर्दछ भने उपकरण भन्नाले चल्लालाई दिईने दाना र पानीको भाँडा सम्झनु पर्दछ।

**३) उद्देश्यः**

१. ग्रामीण कुखुरा पालन कार्यबाट पोषण सुधारका साथै आयआर्जन गरि मासु र अण्डामा आत्मनिर्भर वनाउने।

२. कुखुरा पालन क्षेत्रलाई प्रतिस्पर्धात्मक वनाई सो व्यवसायलाई प्रतिष्ठित एवम् दिगो व्यवसाय वनाउन प्रोत्साहित गर्ने।

३. अनुदानको सहि दक्ष र प्रभावकारी रुपमा वितरण उपयोग र सदुपयोग गर्ने।

४. साना कृषकहहरुलाई समेत कुखुरा पालन गर्न लगाई संगठित वजारमा प्रवाह गर्ने।

५. नगरपालिकाको प्रतिवद्धता अनुरुप अण्डा र मासुमा आत्मनिर्भरताको लक्ष्य पुरा गर्न सहयोग गर्ने।

**४ कार्य संचालन प्रकृयाः**

१) प्यूठान नगरपालिका नगरकार्यपालिका अन्तरगत छनौटमा परेका वडाहरुमा वडा कार्यालयले छनौट गरेका कृषक, कुखुरा पालक कृषक समूहलाई प्रस्तावना निवेदन आव्हान अनुसूची १ वमोजिम निवेदन दिनुपर्नेछ ।

२) समुह गठन भई उक्त समूह र कार्यालय वीच अनुसूची २ वमोजिम दुई पक्षिय सम्झौता गरिनेछ।

३) उक्त लक्षित कृषक समूह सदस्यहरुलाई कार्यालयले निःशुल्क प्रति कृषक सदस्य २० बीस गोटा कम्तिमा पनि ४ हप्ते ड्यूल प्रपोज वा स्थानीय कुखुरा चल्ला निःशुल्क वितरण गरिनेछ।

४) कृषक समूह सदस्यहरुलाई प्रति कृषक सदस्य सरकारी दररेट अनुसारका दरले दाना, औषधी र उपकरण निःशुल्क उपलब्ध गराईनेछ।

५) प्रति कृषक समूह सदस्यलाई २० गोटा ४ हप्ते ड्यूल प्रपोज वा स्थानीय जातको कुखुरा चल्ला सरकारी दररेटमा खरिद गरी निःशुल्क वितरण गरिनेछ।

६) कुखुरालाई आवश्यक पर्ने खोर कृषक स्वयमले नै प्राविधिकले तोके अनुसार वनाउनु पर्नेछ।



नगरपालिका नगरकार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

५ अनुगमन मूल्याङ्कन तथा अभिलेखः

१) अनुगमन मूल्याङ्कन तथा अभिलेख व्यवस्था ।

२) कृषक समूहले अनुसूची २ वमोजिम अभिलेख राख्नुपर्नेछ ।

३) यस कार्यविधी अनुसार संचालन गरिएका कार्यक्रमहरुको अनुगमन तथा मुख्य जिम्मेवारी प्यूठान नगरपालिकाको हुनेछ नगरपालिका आर्थिक विकास समितिको संयोजकको अगुवाईमा जुनसुकै समयमा पनि अनुगमन गर्न सकिनेछ ।

४) मूल्याङ्कन गर्नका लागि तपशिल अनुसारको मूल्याङ्कन समिति रहनेछ ।

क. आर्थिक विकास समितिका संयोजक - सदस्य

ख. आर्थिक बिकास समितिका सदस्यहरु - सदस्य

ग. प्यूठान नगरपालिका कृषि शाखा प्रमुख - सदस्य

घ. पशु सेवा शाखाका प्रमुख - सदस्य-सचिव

ङ. आमन्त्रित - नगरप्रमुख

च. आमन्त्रित - नगर उप-प्रमुख

५) मूल्याङ्कन समितिले पेश हुन आएका निवेदनहरुको अनुसूची ३ अनुसारको आधारमा मूल्याङ्कन गरि अनुदान उपलब्ध गराउन प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

६) अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

यस कार्यक्रमको अनुगमन प्यूठान नगरपालिकाका आर्थिक बिकास समितिका संयोजकको संयोजकत्वमा आर्थिक बिकास समितिका अन्य सदस्यहरु, पशु सेवा शाखा प्रमुख, कृषि शाखा प्रमुखबाट संयूक्त रुपमा गरिनेछ ।

७) थपघट वा हेरफेर गर्न सक्नेः

१) यो कार्यविधीको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधीमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२) यस कार्यविधीको कार्यान्वयनमा कुनै वाधा, अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागी नगरकार्पालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।



प्यूठान नगरपालिका नगरपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

## अनुसुचि : १

**समूहले प्यूठान नगरपालिकामा दिने आवेदन पत्रको ढाँचा:**

मितिः........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
विजुवार, प्यूठान।

बिषयः अति न्यून आय भएका कृषकहरुका लागि ड्यूल प्रपोज तथा स्थानिय कुखुरा चल्ला वितरण कार्यक्रममा सहभागी गराई पाउँ।

प्रस्तुत बिषयमा तहाँ कार्यालयको चालु आ.व. ............... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अति न्यून आय भएका कृषकहरुलाई ड्यूल प्रपोज वा स्थानीय कुखुरा चल्ला वितरण कार्यक्रममा सहभागी गराई पाउँ भनि निवेदन पेश गर्दछौं।

निवेदक
समूहको नाम :
अध्यक्ष :
दस्तखत :
मिति :
छाप :
मो.नं. :



नगर प्रमुख

## अनुसूची : २

**अति न्यून आय भएका कृषकहरुका लागि ड्यूल प्रपोज तथा स्थानीय कुखुरा चल्ला पालन गर्ने कृषक समूह र प्यूठान नगरपालिका वीच हुने सम्झौता पत्रको ढाँचा:**

प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यालय विजुवार, प्यूठान यस पछि प्रथम पक्ष भनिने र अति न्यून आय भएका कृषकहरुका लागि ड्यूल प्रपोज तथा स्थानीय कुखुरा चल्ला पालन गर्ने कृषक समूह यस पछि दोश्रो पक्ष भनिने वीच कार्यक्रम प्रभावकारी रुपमा संचालन तथा अनुगमन गर्न तपसिल वमोजिमका शर्तहरु पालना गर्ने गरि यो दुई पक्षिय सम्झौता गरिएकोछ। दुवै पक्षले सहिछाप दस्तखत गरि वुझिलियौं/दियौं।

१) दोश्रो पक्षले कार्यक्रम संचालन समूह भित्र सबै सदस्यहरुसंग समन्वय राखी कार्यक्रम संचालन गर्नुपर्नेछ।

२) पथम पक्षले दोश्रो पक्षका सवै कृषक सदस्यहरुलाई ड्यूल प्रपोज वा स्थानीय कम्तिमा ४ हप्ता उमेरका कुखुरा चल्ला प्रति कृषक २० बीसका दरले निःशुल्क उपलब्ध गराउनेछ।

३) दोश्रो पक्षलाई प्रथम पक्षले पहिलो केहि दिनका लागि मात्र दाना उपलब्ध गराउनेछ भने वाँकि आवश्यक पर्ने दाना कृषक स्वयमले नै व्यहोर्नु पर्नेछ।

४) दोश्रो पक्षले कम्तिमा पनि दुई वर्ष सम्म कुखुरा पालन गर्नुपर्नेछ।

५) दोश्रो पक्षले यो सम्झौता वमोजिमका कार्य नगरेमा वा उपलब्ध श्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भंग गरी प्रचलित कानून बमोजिम गर्न सक्नेछ।

६) यस सम्झौतामा उल्लेख भए वाहेकका विषयमा प्रचलित कानून वमोजिम हुनेछ।

७) उल्लेखित सर्तहरु पालन गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

| **दोश्रो पक्ष** | **प्रथम पक्ष** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्था : | कार्यालय : |

| **रोहवरमा** | **रोहवरमा** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्थाः | कार्यालय : |

ईति सम्वत् ..........साल ........ महिना........ गते रोज ........मा शुभम्।



नगर प्रमुख

CamScanner